नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np


इ.प्रा. परिपत्र संख्या : ०९/२०८०-८१

मितिः २०८०/१२/०२

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु,
श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,
श्री विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त सम्पूर्ण निकायहरु।

विषय : एकीकृत परिपत्र-२०८० मा संशोधन गरिएको सम्बन्धमा।

महाशय,

विदेशी विनिमय कारोबार गर्ने इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८० मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोहीबमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ।

१) एकीकृत इ.प्रा. परिपत्रः ७/२०८० को दफा १७ मा देहायबमोजिम उपदफा ३ थप गरिएको छः

नेपालमा कार्यरत भारतीय नागरिकले नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलेको बैंकखाता आवद्ध विद्युतीय बैंकिङ्ग (इ-बैंकिङ्ग), अन्तरबैंक भुक्तानी, मोबाइल बैंकिङ्ग, **Quick Response Code** मार्फत राष्ट्रिय भुक्तानी स्वीच (**National Payment Switch**) को माध्यमबाट भारतीय बैंक तथा वित्तीय संस्थामा खोलिएको व्यक्तिगत खातामा प्रति दिन भा.रु. १५,०००।- र प्रति महिना भा.रु. १००,०००।- जम्मा हुने गरी पारिश्रमिक बापतको सटही सुविधा (**Personal Payment/P-to-P Transfers**) प्रदान गर्न सकिनेछ। तर, यस्तो सटही सुविधामा उपदफा १ र २ मा उल्लिखित सीमा समेत लागू हुने गरी सम्बन्धित बैंक तथा वित्तीय संस्थाले व्यवस्था मिलाउनु पर्नेछ।

२) एकीकृत इ.प्रा. परिपत्रः २४/२०८० मा देहायबमोजिम दफा १३ थप गरिएको छः

भारतबाट नेपालमा विप्रेषण भित्र्याउने प्रयोजनको लागि नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकले व्यवस्था गरेको **"Indo-Nepal Remittance Facility Scheme"** को अतिरिक्त नेपाली नागरिकले भारतीय बैंक तथा वित्तीय संस्थामा खोलेको बैंक खाता आवद्ध विद्युतीय बैंकिङ्ग (इ-बैंकिङ्ग), अन्तरबैंक भुक्तानी, मोबाइल बैंकिङ्ग, **Quick Response Code** मार्फत राष्ट्रिय भुक्तानी स्वीच (**National Payment Switch**) को माध्यमबाट नेपाली वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंकमा खोलिएको व्यक्तिगत खातामा प्राप्त हुने गरी विप्रेषण रकम (**Personal Payment/P-to-P Transfers**) भित्र्याउन सकिनेछ।

३) एकीकृत इ.प्रा. परिपत्रः २८/२०८० मा देहायबमोजिम दफा ७ थप गरिएको छः

नेपाली व्यवसायीहरुले वस्तु तथा सेवा बिक्री गरेबापतको परिवर्त्य विदेशी मुद्रा नेपाली वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंकमा खोलिएको खातामा प्राप्त हुने गरी (**Merchant Payments**) विदेशमा जारी भएको **Quick Response Code** मार्फत राष्ट्रिय भुक्तानी स्वीच (**National Payment Switch**) को माध्यमबाट स्वीकार (**Acquire**) गर्न सकिनेछ। यस्तो कारोबारमा निहित रहने सम्पूर्ण जोखिमहरु र सोका निराकरण/न्यूनीकरणका उपायहरु सम्बन्धित वाणिज्य बैंक तथा राष्ट्रिय स्तरका विकास बैंक आफैंले विश्लेषण तथा व्यवस्थापन गर्नु पर्नेछ।

नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं ।
फोन नं.: ५७१९६४४/६४५/६४६
एक्सटेन्सन ५३०
पोष्ट बक्स: ७३
Email :fxmd_policy@nrb.org.np

४) एकीकृत इ.प्रा. परिपत्रः २८/२०८० मा देहायबमोजिम दफा ८ थप गरिएको छः

यस एकीकृत परिपत्र-२०८० को एकीकृत इ.प्रा. परिपत्रः ७/२०८० को दफा १ र २ मा उल्लिखित परिवर्त्य विदेशी मुद्राको सटही सुविधा नेपाली वाणिज्य बैंक तथा राष्ट्रियस्तरका विकास बैंकमा खोलिएको बैंक खातामा आवद्ध **Quick Response Code** मार्फत राष्ट्रिय भुक्तानी स्वीच **(National Payment Switch)** को माध्यमबाट विदेशमा भुक्तानी हुन सक्ने गरी प्रदान गर्न सकिनेछ ।

भवदीय,

2080/12/02

(तुलसी प्रसाद घिमिरे)
कार्यकारी निर्देशक

**बोधार्थः**

१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, उद्योग विभाग ।
५) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, गैर-बैंक वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
१०) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
११) श्री नेपाल उद्योग परिसंघ ।
१२) श्री नेपाल चेम्बर अफ कमर्स ।
१३) श्री नेपाल बैंकर्स संघ ।
१४) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१५) श्री वित्तीय संस्था संघ ।
१६) श्री लघुवित्त बैंकर्स संघ ।